# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, फागुन २५ गते, २०८२ साल (संख्या ६८

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना-१

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) बमोजिम Nepal Shooting Association लाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

International Shooting Sport Federation (ISSF) बाट सहयोगस्वरुप प्राप्त हुने यूरो १७,३४५.०० (सत्र हजार तीन सय पैंतालिस) मूल्य बराबरको सुटिङ्ग खेलसँग सम्बन्धित खेल सामग्री पैठारी गर्दा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने भन्सार महसुल तथा उक्त सामग्री पैठारी गर्दा लाग्ने अन्य सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०२।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत बुटवलदेखि नेपाल भारत सिमानासम्म १८ कि.मि. विद्युत प्रसारण लाइन आयोजना निर्माण कार्यको लागि आवश्यक स्वीकृत मास्टर लिष्टमा उल्लेख भए बमोजिम मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को नाममा पैठारी गर्ने अमेरिकी डलर ८१,०१,७८६.७४ (एकासी लाख एक हजार सात सय छयासी सेन्ट चौहत्तर) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०४।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत न्यू बुटवल ४०० के.भी. सवस्टेशन निर्माण आयोजनाको लागि आवश्यक स्वीकृत मास्टर लिष्टमा उल्लेख भए बमोजिम अमेरिकी डलर २,७८,९२,६१३.३२ (दुई करोड अठहत्तर लाख बयानब्बे हजार छ सय तेह्र सेन्ट बत्तिस) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०४।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र स्वीस सरकार बीच २१ नोभेम्बर २०२२ मा युवाका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (QualiTY) को लागि भएको द्विपक्षीय सम्झौता बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत युवाका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (QualiTY) को नाममा पैठारी हुने भारतीय रुपैयाँ २४,७८,०००.०० (चौबिस लाख अठहत्तर हजार) मूल्य बराबरको दुई थान महिन्द्रा स्कर्पियो सवारी साधनको पैठारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०४।३० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, माइक्रोबायोलोजी केन्द्रीय विभागलाई Cardiff University, Wales United Kingdom बाट अनुदान स्वरुप प्राप्त हुने अमेरिकी डलर ५०००.०० (पाँच हजार) मूल्य बराबरको अनुसन्धानसँग सम्बन्धित सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०५।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत ४०० के.भि. न्यू दमौली सवस्टेशन आयोजना निर्माण कार्यको लागि आवश्यक स्वीकृत मास्टर लिष्टमा उल्लेख भए बमोजिम मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को नाममा पैठारी गर्ने अमेरिकी डलर ३,२४,६९,०९४.२६ (तीन करोड चौबिस लाख उनान्सत्तरी हजार चौरानब्बे सेन्ट छबिस) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०७।०७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एसियाली विकास बैङ्कको ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन भइरहेको Power Transmission and Distribution System Strengthening Project अन्तर्गत खिम्ती-बाह्रबिसे-लप्सीफेदी ४०० के.भि. सवस्टेशन आयोजनाको निर्माण कार्यको लागि आवश्यक स्वीकृत प्रथम संशोधित मास्टर लिष्ट बमोजिम युरो ३,३५,५३,७६९.२२ (तीन करोड पैंतिस लाख त्रिपन्न हजार सात सय उनान्सत्तरी सेन्ट बाइस) मूल्य बराबरको आयोजनामा खपत हुने मालवस्तु पैठारीमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर तथा महसुल छुट दिने निर्णय मिति २०८०।०७।२२ मा भएकोमा प्रथम संशोधित मास्टर लिष्टबाट कम/न्यून भएको युरो ३,०५,३५०.४८ (तीन लाख पाँच हजार तीन सय पचास सेन्ट अठचालिस) मूल्य बराबरको मालवस्तुहरुको हकमा यस अघि भएको महसुल तथा कर छुट बमोजिम समायोजन गरी प्रथम संशोधित मास्टर लिष्टमा हाल उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट स्वीकृत भै कायम भएको दोस्रो संशोधित मास्टर लिष्टमा थप/वृद्धि भएको युरो ८,९१,११२.४५ (आठ लाख एकानब्बे हजार एक सय बाह्र सेन्ट पैंतालिस) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्रीमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी महसुल, शुल्क, दस्तुर र कर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुट दिने निर्णय मिति २०८२।०७।१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालभरी भएको भारी वर्षाबाट सिर्जित बाढी पहिरोबाट क्षति भएको सडक सञ्जाल नियमित गर्ने प्रयोजनार्थ जडान गर्ने गरी सडक पुलको निर्माण गर्नका लागि भारत सरकारबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुदान स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ३,१६,९३,५८९.०० (तीन करोड सोह्र लाख त्रियानब्बे हजार पाँच सय उनान्नब्बे) मूल्य बराबरको मोडुलर ब्रिजको Launching kit, Launching tool, Manuals र Prefabricated Steel Bridge/Modular Bridge सामग्री पैठारी गर्दा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०७।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र स्वीस सरकार बीच २१ नोभेम्बर २०२३ मा भएको द्विपक्षीय सम्झौता अनुसार कार्यान्वयन इकाइको रुपमा कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय रहने गरी कोशी प्रदेशमा सञ्चालनमा रहेको UDAY-Investment and Innovation for Economic Development परियोजना सहजीकरण इकाइको नाममा पैठारी हुने



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली रुपैयाँ ४०,७६,८००.०० (चालिस लाख छयहत्तर हजार आठ सय) मूल्य बराबरको दुई थान महिन्द्रा स्कर्पियो सवारी साधनको पैठारीमा सम्झौताको Article १८ को सर्त तथा आर्थिक ऐन, २०८२ को अनुसूची-५ को अधीनमा रही कर छुट दिने निर्णय मिति २०८२।०७।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -१०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी The Ride Supply Chain Shanghai Co. Ltd Shanghai, China बाट वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवनलाई अनुदानस्वरुप प्राप्त हुने अमेरिकी डलर ७८,१०७.५० (अठहत्तर हजार एक सय सात सेन्ट पचास) मूल्य बराबरको औषधि तथा सर्जिकलजन्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा अन्य सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८२।०७।२८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-११

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालभरी भएको भारी वर्षाबाट सिर्जित बाढी पहिरोबाट क्षति भएको सडक सञ्जाल नियमित गर्ने प्रयोजनार्थ जडान गर्ने गरी सडक पुलको निर्माण गर्नका लागि भारत सरकारबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुदान स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ १,०६,७८,२९२.०० (एक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करोड छ लाख अठहत्तर हजार दुई सय बयानब्बे) मूल्य बराबरको मोडुलर ब्रिजको Launching kit, Launching tool, Manuals र Prefabricated Steel Bridge/Modular Bridge सामग्री पैठारी गर्दा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०८।०३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना- १२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी युरोपियन इन्भेष्टमेन्ट बैङ्क (EIB) को ऋण सहयोग र जर्मन विकास बैङ्क (KFW) को अनुदान सहयोगमा सञ्चालित नेपाल विद्युत प्राधिकरण, प्रसारण निर्देशनालय बृहत प्रसारण लाइन आयोजनाहरु अन्तर्गत सञ्चालित चिलिमे-त्रिशुली २२० kv Transmission Line Project को लागि आवश्यक स्वीकृत प्रथम संशोधित मास्टर लिष्ट बमोजिम अमेरिकी डलर ५८,६१,७९७.५७ (अन्ठाउन्न लाख एकसठ्ठी हजार सात सय सन्तानब्बे सेन्ट सन्ताउन्न) मूल्य बराबरको आयोजनामा खपत हुने मालवस्तु पैठारीमा कर तथा महसुल छुट दिने निर्णय मिति २०७६।०१।१३ मा भएकोमा दोस्रो संशोधित मास्टर लिष्टबाट कम/न्यून भएको अमेरिकी डलर ७,९२,००३.९८ (सात लाख बयानब्बे हजार तीन सेन्ट अन्ठानब्बे) मूल्य बराबरको मालवस्तुहरुको हकमा यस अघि भएको महसुल तथा कर छुट बमोजिम समायोजन गरी प्रथम संशोधित मास्टर लिष्टमा हाल उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट स्वीकृत भै कायम भएको दोस्रो संशोधित मास्टर लिष्टमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

थप/वृद्धि भएको अमेरिकी डलर १४,२२,४६३.५५ (चौध लाख बाइस हजार चार सय त्रिसठी सेन्ट पचपन्न) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्री पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य महसुल, शुल्क, दस्तुर र कर छुट दिने निर्णय मिति २०८२।०८।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र दक्षिण कोरिया सरकार बीच मे १४, २०२४ मा हस्ताक्षर भएको Memorandum of Understanding को आधारमा दक्षिण कोरिया सरकारको दातृ निकाय KOICA को आर्थिक एवं संयुक्त राष्ट्र सङ्घीय विकास साझेदार (UNDP) को प्राविधिक सहायतामा सञ्चालित Green Job Creation Through Recycling and Upcycling in Pokhara (GCRU) परियोजना कार्यान्वयनका लागि आवश्यक स्वीकृत मास्टर लिष्टमा उल्लेख भए बमोजिम International Engineering and Construction Company (IECC) Pvt. Ltd. ले पैठारी गर्ने अमेरिकी डलर २,५६,२८१.३३ (दुई लाख छपन्न हजार दुई सय एकासी सेन्ट तेतीस) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०८२।०८।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना-१४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत Design and Construction of Electricity Distribution System-Extension & Upgradation आयोजना निर्माण कार्यको लागि आवश्यक स्वीकृत मास्टर लिष्टमा उल्लेख भए बमोजिम मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसीए-नेपाल) को नाममा पैठारी गर्ने अमेरिकी डलर ३४,७०,६०१.९८ (चौतिस लाख सत्तरी हजार छ सय एक सेन्ट अन्ठानब्बे) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय मिति २०८२।०९।०७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**भूपाल बराल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१५।-
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।